# श्री माछापुच्छ्रे बैंक लिमिटेड
# २०६५ पौष २३ गते बुधबारका दिन सम्पन्न भएको
# <u>दशौं वार्षिक साधारण सभाको बिबरणहरु (माईन्यूट)</u>

**१. बैधानिक सभा :**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको दशौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूको सभापतित्वमा तल उल्लेखित मिति समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०६५ साल पौष २३ गते बुधबार ( ७ जनवरी २००९)

स्थान : होटल फेवा प्रिन्स, पोखरा

समय : बिहान १२:०० बजे प्रारम्भ भै दिउँसो २:३० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशन :**

(क) यस बैंकको मिति २०६५/०८/२४ गतेका दिन बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२), ७७(३) र दफा ८४(४), तथा बैंकको नियमावलीको नियम ४(३) बमोजिम २१ दिन अगावै मिति २०६५/०९/०२ गतेको नेपाल समाचारपत्र दैनिकमा र मिति २०६४/०९/०५ गतेको अन्नपुर्ण पोष्ट दैनिकमा गरि २ पटक प्रकाशित गरिएको जानकारी कम्पनी सचिवद्वारा दिईयो ।

(ख) दशौं वार्षिक साधारण सभाको बैठक बस्ने बारेको सूचना, साधारण सभा सम्बन्धी सामान्य जानकारीहरु, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन लगायत आवश्यक विवरण, बासलात, नाफा - नोक्सान हिसाब र सोको अनुसूचीहरु, नगद प्रवाह विवरण र बैंक ब्यवस्थापन समूह समेत समाबेश भएको बैंकको दशौं बार्षिक प्रतिवेदनको पुस्तिका सम्बन्धित शेयरधनीहरुको बैंकमा उपलब्ध ब्यक्तिगत ठेगानामा पठाइएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(ग) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित भई दिनका लागि नेपाल राष्ट्र बैंक, केन्द्रिय कार्यालय तथा प्रतिनिधिको रुपमा उपस्थित भई दिनका लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड र श्री धितोपत्र बिनिमय बजार लिमिटेडलाई अनुरोध गरि पत्र पठाईएको कुरा कम्पनी सचिवले जानकारी दिनु भयो ।

(घ) साधारण सभामा उपस्थित भै दिनको लागि लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउन्टेन्टलाई समेत अनुरोध गरिएको जानकारी गराईयो ।

४. **सभामा प्रस्तुत छलफलको बिषय सूची :**

(क) **सामान्य प्रस्तावहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युवाट प्रस्तुत हुने बार्षिक प्रतिवेदन २०६४/६५ पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६४/६५ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. वोनस शेयर वितरण गर्दा लाभांश कर भुक्तानी प्रयोजनको लागी संचालक समितिले सिफारिस गरे बमोजिम नगद लाभांश बितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६५/६६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा बित्तीय संस्था सम्वन्धि ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार हाल बहालबाला लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ पुनः नियुक्त हुन सक्नु हुन्न । )

(ख) **बिशेष प्रस्तावहरु :**

१. संचालक समितिले सिफारिस गरे बमोजिम २०६५ आषाढ मसान्तमा समाप्त बर्षको मुनाफा तथा गत आर्थिक बर्ष सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी रु. १६,४३,३०,२६०/- बराबरको बोनस शेयर जारी गरी सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा कुनै भिन्न अङ्क (Fraction) आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अङ्कको बोनस शेयरलाई पूर्ण (Whole) अङ्कमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूँजीमा समायोजन गर्न सक्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।

२. समूह “क” का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको शेयर स्वामित्व ७० प्रतिशत मध्ये १९ प्रतिशत शेयर समूह “ख” का शेयरधनीहरुको समुहमा रहने गरी साधारण शेयरतर्फ परिणत गर्ने ।

३. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धि प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्टारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) **बिविध ।**

५. **सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

क) संचालकहरुको उपस्थिति :

(१) श्री सूर्य बहादुर के.सी. अध्यक्ष

(२) श्रीमती गीता श्रेष्ठ संचालक

(३) श्री प्रकाश के.सी. संचालक

(४) श्री आजाद श्रेष्ठ संचालक

(५) श्री नरेश बहादुर मल्ल संचालक

(५) श्री प्राणेश्वर पोखरेल संचालक

(६) श्री किशोर कुमार शाह व्यवसायिक/स्वतन्त्र संचालक

ख) आमन्त्रितहरुको उपस्थिति :

(१) श्री राजेश पौडेल, चार्टर्ड एकाउण्टेन्ट - प्रतिनिधि, लेखापरीक्षक

(२) श्री चन्द्र मोहन गौचन - संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष

(३) जगत मोहन गौचन - संस्थापक शेयरधनी तथा भुतपूर्व संचालक

(४) शान्त बहादुर गुरुङ्ग - संस्थापक शेयरधनी तथा भुतपूर्व संचालक

(५) श्री योगेन्द्र प्रसाद श्रेष्ठ - संस्थापक शेयरधनी तथा भुतपूर्व लेखापरीक्षण समितिका संयोजक

ग) पदाधिकारीहरुको उपस्थिति :

(१) श्री भाईकाजी श्रेष्ठ : प्रमुख कार्यकारी अधिकृत

(२) श्री अर्जुन थापा : बरिष्ठ प्रबन्धक, प्रधान कार्यालय, पोखरा

(३) श्री पृथ्वी श्रेष्ठ : बरिष्ठ प्रबन्धक, कर्जा बिभाग

(४) श्री बिवेक झा : प्रमुख, आन्तरीक लेखापरीक्षण बिभाग

(५) श्री बिनोद कुमार सिंह : प्रमुख, प्रशासन तथा मानव संशाधन बिकास बिभाग

(६) श्री गोबिन्द प्रसाद शर्मा : प्रमुख, वित्त तथा योजना बिभाग तथा कम्पनी सचिव

घ) शेयरधनीहरुको उपस्थिति :

(१) बिक्री भएको शेयर (संख्यामा) : १,३१,४६,४२०

(२) कूल शेयरधनी संख्या : १२,४४८

(३) स्वयं उपस्थित २४४ जना शेयरधनीबाट
प्रतिनिधित्व भएको शेयर संख्या : ७७,५६,२७८

(४) प्रतिनिधिद्वारा ११४ जना शेयरधनीको
प्रतिनिधित्व भएको शेयर संख्या : ७,७५,२५१

(५) जम्मा उपस्थित शेयरधनी संख्या : ३५८ जना

(६) जम्मा उपस्थित शेयरधनीद्वारा प्रतिनिधित्व
भएको शेयर संख्या : ८५,३१,५२९

(७) जम्मा शेयर संख्याको प्रतिनिधित्व (प्रतिशतमा) : ६४.९० प्रतिशत

६. **सभाको गणपुरक संख्या :**

| कुल शेयर संख्या | कुल शेयरधनी | स्वयं उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | कुल उपस्थित प्रतिशत |
|---|---|---|---|---|
| १,३१,४६,४२० | १२,४४८ | २४४ | ३५८ | ६४.९० |

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य थिए ।

७. **सभाको वैधानिकता :**

क) साधारण सभा शुरु हुनु अघि सभामा उपस्थित शेयरधनीहरु लगायत सम्पूर्ण महानुभावहरुलाई कम्पनी सचिवले बैंक तथा आफ्नो तर्फबाट स्वागत अभिवादन गर्दै कम्पनी ऐन, २०६३ र बैंकको नियमावली तथा प्रचलित कानुन बमोजिम बैंकको दशौं बार्षिक साधारण सभा बोलाईएको जानकारी गराउनु भयो ।

ख) सभा संचालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ र यस बैंकको नियमावलीको नियम ५ बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र प्रचलित ऐन कानुन बमोजिम सभा बैधानिक रहेको जानकारी कम्पनी सचिवले सभामा दिनु भयो ।

ग) तत्पश्चात, कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार आवश्यक सूचनाहरु पठाईएको र गणपुरक संख्या पनि पुगेको हुँदा सभा रीतपूर्वक बोलाईएकोले सभा गर्न मन्जूर गर्दै पूर्व सूचित सभाको निर्धारित बिषय सूची उपर छलफल गर्न मन्जूर गरियो ।

८. **सभाको सभापतित्व र सभा संचालन :**

सभाको बैधानिकता एकिन भए पछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र बैंकको नियमावलीको नियम ६(१) बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री सूर्य बहादुर के.सी.ज्यूलाई बैंकको यस दशौं बार्षिक साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो ।

**९. सभा संचालन र संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदनको प्रस्तुति :**

९.१ संचालक समितिका अध्यक्षज्यूले बैंकको यस दशौं बार्षिक साधारण सभामा उपस्थित भै सभाको सभापतित्व गर्न पाएकोमा खुशी ब्यक्त गर्नु भयो र उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत अभिवादन गर्नु भयो । त्यस पछि सभापतिज्यूले सभाको कार्यक्रम अघि बढाउने क्रममा बैंकको संचालक समितिको तर्फबाट बार्षिक प्रतिवेदन २०६४/६५ साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.२ सभा समक्ष प्रतिवेदन प्रस्तुत भए पछि सभापतिज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको २०६५ आषाढ मसान्तको बासलात र आर्थिक बर्ष २०६४/६५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण छलफल गरी पारित गर्न सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१०. छलफलको लागि आव्हान :**

१०.१ साधारण सभामा शेयरधनीहरुले निर्धारित बिषय सूची उपर छलफल गर्न सक्ने कम्पनी ऐन, २०६३ को दफा ७४ मा ब्यवस्था भए अनुरुप सभापतिद्वारा प्रस्तुत बार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह बिवरण समेतमा छलफलको लागि मन्तब्य, बिचार, जिज्ञासा तथा सुझाब राख्न चाहने शेयरधनी महानुभावहरुलाई सभापतिज्यूले अनुरोध गर्नुभयो ।

१०.२ छलफलमा सहभागी हुने शेयरधनीहरु :

छलफलका लागि सभापतिज्यूले आमन्त्रण गर्नु भए अनुसार सभामा ६ जना शेयरधनीहरुले बैंकको काम कारबाही, बार्षिक हरहिसाब तथा बार्षिक प्रतिवेदन सम्बन्धमा आफ्नो मन्तब्य, जिज्ञासा एवं सुझावहरु राख्नु भयो । वक्ता शेयरधनीहरुको नामावली निम्नानुसार रहेको छ :-

१. श्री अम्बर तुलाचन

२. श्री उत्सव श्रेष्ठ

३. श्री नारायण सुन्दर श्रेष्ठ

४. श्री अशोक उप्रेती

५. श्री बसन्त राज अधिकारी

६. श्री कृष्ण रेग्मी

## ११. शेयरधनीहरुबाट ब्यक्त गरिएका मन्तब्यको संक्षिप्त विवरण :

छलफलको क्रममा सहभागि हुने शेयरधनी महानुभावले पेश गर्नु भएको मन्तव्यको मुख्य मुख्य बुँदाहरुको साराँश देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ११.१ श्री अम्बर तुलाचन :

क) बैंकले संचालनको नवौ बर्षमा प्रवेश गरेको अवस्थामा पनि बैकको बार्षिक प्रतिवेदनमा टिपोट गर्नको लागि कुनै पाना राखिएको छैन । आगामी बार्षिक प्रतिवेदनमा टिपोटका लागि समेत पाना राख्न सुझाव व्यक्त ।

ख) प्रस्तुत प्रतिबेदन अनुसार २०६५ आषाढ मसान्त सम्म बचत भन्दा कर्जा लगानी निकै कम देखिएको छ । प्रतिवेदनमा तरलताको समस्याका वारेमा उल्लेख गरिए तापनि बास्तवमा बैंकमा तरलता बढि नै रहेको देखिन्छ । बैंकमा तरलता बढि हुनु राम्रो होईन किनभने बचतमा बैंकले ब्याज दिनु पर्ने हुन्छ । त्यसैले यस तर्फ बैक सजग रहन सुझाव व्यक्त ।

ग) आ.ब.२०६९/७० सम्ममा बैंकको पूँजी रु. २ अरब पु¥याउनको लागि गत बर्ष जस्तै हकप्रद शेयर जारी गर्ने हो कि के कस्तो योजना रहेको छ भनी जिज्ञासा ब्यक्त ।

घ) बैंकहरुको शेयरको बजार मूल्य बढ्नु पर्नेमा माछ्लापुच्छ्रे बैंकको बजार मूल्य रु. १२ सय बाट घटेर हाल रु. चार पाँच सयमा झरेको छ । बोनस शेयर जारी गरेपछि शेयरको मूल्य बढ्नु पर्ने हो भन्ने बिचार ब्यक्त ।

ङ) प्रतिवेदनमा कर्जाको क्षेत्रगत बर्गीकरणको विवरण राखेमा कुन क्षेत्रमा कत्ति कर्जा प्रवाह भएको रहेछ भन्ने प्रष्ट हुने थियो भन्ने सुझाव व्यक्त ।

च) बैंकको प्रतिवेदनमा उल्लेख भए अनुसार बचत निक्षेपमा बढि केन्द्रीकृत भएको देखिन्छ । बचत निक्षेप कुनै पनि समय निकाल्न सकिने भएकोले बैंकको लागि मुद्दती निक्षेप स्थिर हुन्छ भन्ने विचार व्यक्त ।

छ) प्रतिवेदनमा उल्लेख भए अनुसार आगामी बर्ष पनि भवन निर्माणमा खर्च गर्ने योजना रहेबाट बैंकको पूँजी सबै स्थिर सम्पत्तिमा नै प्रयोग हुने त होईन भन्ने जिज्ञासा व्यक्त ।

### ११.२ श्री उत्सव सुन्दर श्रेष्ठ :

क) बार्षिक प्रतिवेदन शेयरधनीको हातमा समयमा पुग्न सकेको छैन, यस तर्फ बैंक ब्यबस्थापनले बिशेष ध्यान दिन सुझाव व्यक्त ।

ख) बैंकले निकालेको बार्षिक साधारण सभा सम्वन्धी सूचनामा हाजिरी समय बिहान ८ बजे देखि अपरान्ह १२ बजे सम्म मात्र उल्लेख भएको छ । जसले गर्दा अपरान्ह १२ बजे पछि आउने शेयरधनीहरुले यस सभामा भाग लिन नपाउने अवस्था आउने भएकोले सभा संचालन भए सम्मका लागि शेयरधनीहरुले हाजिरी गर्न पाउने व्यवस्था हुनु पर्ने सुझाव व्यक्त ।

ग) छलफलको बिषय सूचीमा बिविध शिर्षक राखिएको तर उक्त शिर्षकमा आउने बिषय छलफल तथा प्रस्तावको रुपमा नराखिने भए पछि किन बिबिध भन्ने शिर्षक राख्नु परेको हो भन्ने जिज्ञासा व्यक्त ।

घ) बैंकको निष्कृय कर्जा गत बर्ष भन्दा कम भएतापनि हाल १.०४% रहनु भनेको पनि बढि नै भएकोले यसलाई न्यूनीकरण गर्दै लानका लागि सुझाव व्यक्त ।

ङ) बैंकको वासलात स्वीकृत गर्दा नेपाल राष्ट्र बैंकले जारी गरेको स्वीकृति पत्र बार्षिक प्रतिवेदनमा स्क्यान गरेर राख्नु पर्नेमा उक्त पत्र स्क्यान नगरी टाईप गरेर राखेको देखिएकोले आगामी प्रतिवेदनमा नेपाल राष्ट्र बैंकले वासलात स्वीकृत गर्दा जारी गरेको स्वीकृति पत्र स्क्यान गरेर छाप्न सुझाव व्यक्त ।

च) बैंकको लेखापरीक्षक नियुक्ति गर्ने सम्वन्धमा साधारण सभा समक्ष लेखापरीक्षण समितिले एक जना लेखापरीक्षको नाम मात्र सिफारिश गरेको छ । समितिले कम्तिमा दुई वा दुई भन्दा बढि लेखापरिक्षकको नाम प्रस्ताव गर्नु राम्रो हुने सुझाव ब्यक्त । साथै, S.C. Lal & Associates लाई लेखापरीक्षकको बैकल्पीक नाममा राख्नका लागि अनुरोध ।

**११.३ श्री नारायण सुन्दर श्रेष्ठ :**

क) बैंकले बितरण गर्ने बोनस शेयरमा आउने भिन्न अङ्क (fraction) लाई पूर्ण अङ्कमा लैजाँदा शेयर अनुपातमा परिवर्तन त हुन्छ नै होला । तसर्थ यसबाट के भन्न खोजेको हो थाहा भएन भन्ने जिज्ञासा व्यक्त ।

ख) बैंकको लेखापरिक्षकको नियुक्ती सम्वन्धी विवरणमा कम्पनी ऐन अनुसार लेखापरिक्षक नियुक्ती गर्दा बैंकको संचालक समितिले कम्तिमा दुई जनाको नाम सिफारिस गर्नु पर्नेमा एक जनालाई मात्र सिफारिस गरेको मिलेको छैन । त्यसैले यस भन्दा अघिका बक्ता शेयरधनीले समेत प्रस्ताव गर्नु भएको नाम S.C. Lal & Associates लाई बैकल्पिक लेखापरीक्षकको रुपमा राख्न पर्ने धारण सभा समक्ष व्यक्त ।

ग) बैंकको वासलातमा रहेको चुक्ता पूँजी रु. ८२,१६,५१,३००/- रहेकोमा प्रस्तावित बोनस शेयर रु. १६,४३,३०,२६०/- बितरण पश्चात हुने पूँजीको रकम रु. ९८,५९,८१,५६०/- हुनु पर्नेमा प्रतिवेदनमा बोनस शेयर बितरण पश्चात चुक्ता पूँजी रु. १ अरब ४८ करोड हुने उल्लेख भएकोले रकममा यस्तो फरक कसरी हुन गयो भन्ने जिज्ञासा व्यक्त ।

घ) बैंकको शेयर मुल्यमा आएको गिरावटको कारणले गर्दा शेयरधनीहरुलाई मर्का परिरहेको जानकारी ।

घ) बैंकले स्थिर सम्पत्तिमा गरेको लगानी चुक्ता पूँजी सरह पुग्न थालेकोले यस तर्फ बैंकले बिचार गर्नु पर्ने सुझाव व्यक्त ।

ङ) यस बैंक सरहका अरु बैंकहरुले बाँडेको लाभांश भन्दा यस बैंकको लाभांश निकै कम रहेको बिचार व्यक्त ।

च) बार्षिक प्रतिवेदनमा अध्यक्षको मन्तव्य र संचालक समितिको प्रतिवेदनलाई एउटै गरेमा राम्रो हुने सुझाव व्यक्त ।

छ) राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिबाट बैंकको कारोवारलाई परेको असर भनी उल्लेख भएका कुराहरुले यो बैंक बाहेक अन्य बैंकलाई असर नपरेको अवस्थामा यस बैंकलाई कहाँ असर परेको हो स्पष्ट हुनु पर्ने भन्ने सुझाव व्यक्त ।

ज) बैंकको आन्तरिक लेखा परीक्षण बिभागलाई लेखापरीक्षण समिति अन्तर्गत राखेकोले उक्त समितिको कार्य नेपाल राष्ट्र बैंकको उद्देश्य अनुसार प्रभावकारी नहुने बिचार व्यक्त ।

झ) बैंकको बार्षिक प्रतिवेदन शेयरधनीहरुसम्म समयमा नपुग्ने भएकोले आगामी दिनमा शेयरधनीहरुबाट यस्तो गुनासो नआउने गरी व्यवस्था गर्न सुझाव व्यक्त ।

ञ) बैंकको संचालक समितिमा रहेका संचालक द्वय प्रेम कुमारी के.सी र प्रकाश बहादुर श्रेष्ठले राजिनामा दिएको भन्ने उल्लेख भएको तर स्वीकृति सम्वन्धमा उल्लेख नभएको भन्ने जिज्ञासा व्यक्त ।

ट) यस प्रतिबेदनमा बैंकले व्यहोर्नु पर्ने जोखिमहरु भन्नाले के कस्ता कुराहरुलाई इंगित गर्न खोजेको हो, प्रस्ट नभएकोले आगामी दिनमा यस्तो अस्पष्टता नआउने गरि प्रतिवेदन तयार गर्न सुझाव व्यक्त ।

ठ) यस प्रतिबेदनमा बैंकको कर्मचारी खर्चको बिवरण राख्नु पर्ने मा एकमुष्ठ रकम राखेको पाइयो । अन्य बैंकहरुले बिवरण राखेको हुन्छ । त्यसैले अन्य बैंकको समेत प्रतिवेदनहरु हेरिकन प्रतिवेदन तयार गर्न सुझाव व्यक्त ।

ड) लेखापरीक्षकले दिएको प्रतिवेदनमा सबै नीति नियम अनुसार कार्य भएको भन्ने उल्लेख गरेको भएतापनि नेपाल राष्ट्र बैंकले स्वीकृत गर्दा के निर्देशन दिएको हो उक्त चिठी नै स्क्यान गरेर छाप्नु पर्नेमा त्यसो गरेको पाईएन । त्यसैले आगामी दिनमा स्क्यान गरेर नै छाप्न सुझाव व्यक्त ।

ढ) बैंकको वासलातमा चुक्ता पूँजी, जगेडा कोष र ऋण सापट लिएको रकमलाई अन्य कुनै बैंकमा ५% का दरले ब्याज आउने गरि निक्षेपमा नै राखे पनि रु. ९० करोड ब्याज आम्दानी हुने देखिन्छ । तर बैंकको नाफा नोक्सान हिसाव अनुसार जम्मा रु. ८ करोड मात्र नाफा गरेको देखाएको छ । लगानीकर्ताहरुको लागि यो निरासाजनक अवस्था देखिएको छ ।

ण) बैंक तथा नगद मौज्दातमा रहेको रकम अन्य बैंकमा राखेको भए पनि केहि व्याज आम्दानी हुने थियो तर त्यो पनि गरेको छैन ।

त) बैंकको नाफा नोक्सान हिसाब अनुसार रु. १२ करोड संचालन खर्च गरेको देखिन्छ जसमा संचालक समिति खर्च र कर्मचारी बोनस खर्च समेत जोड्दा रु. १५ करोड खर्च देखिन्छ । तर खुद नाफा भने रु. ८ करोड मात्र रहेको छ । यसबाट रु. ८ करोड कमाउन रु. १५ करोड खर्च गरेको देखियो ।

थ) बैंकको नाफा नोक्सान बाँडफाँड हिसाब अनुसार यस बर्षको नाफा रु. ५ करोड रहेको तर बोनस बाँड्नलाई रु. १६ करोड छुट्टाएको नमिलेको देखिन्छ ।

द) बैंकको Reserve राम्रो छ छैन भनी हेर्दा साधारण जगेडा कोष बाहेक अन्यमा कुनै रकम बाँकि रहेको देखिदैन । Reserve Fund राम्रो Maintain गर्नु पर्ने सुझाव व्यक्त ।

ध) बैंकले Non Expenses Fund भन्दा बढि Expenses Funs collect गरेको देखिन्छ । त्यसलाई कसरी minimise गर्ने हो भन्ने बारेमा विचार गर्न सुझाव व्यक्त ।

न) कर्मचारी कल्याण कोषको लागि बैंकको आम्दानीको केहि प्रतिशत रकम छुट्टाउनु पर्ने हुन्छ जसले गर्दा कर्मचारीहरुको मनोवल बढ्ने विचार व्यक्त ।

**११.४ श्री अशोक उप्रेतीः**

क) अल नेपाल शेयरहाल्डर्स एसोसिएसन नामक संस्था खुलेको र श्री उप्रेती सोही संस्थाको प्रतिनिधि भएर यस साधारण सभामा आउनु भएको भन्ने जानकारी गराउनु भयो ।

ख) पुर्व बक्ताले वासलातलाई बिश्लेषण गर्नु भए अनुसार यस बैंकको स्थिति अति नाजुक रहेको बिचार ब्यक्त । यदि बैंकको स्थितिमा सुधार नआउने हो भने सर्वसाधारण शेयरधनीहरु भन्दा पनि संस्थापक शेयरधनीहरु नै बढि मर्कामा पर्ने भएकोले यस तर्फ बिशेष सचेत हुन सुझाव व्यक्त ।

ग) कम्पनी ऐनले साधारण सभामा भाग लिन आउने शेयरधनीहरुलाई यातायात खर्च वा मिटिङ्ग भत्ता दिनमा रोक नलगाएको कुरा जानकारी गराउनु भयो ।

घ) लेखापरीक्षकको नियुक्ती सम्वन्धमा S.C.Lal & Associates लाई बैकल्पिकमा राख्नको लागि अनुरोध ।

**११.५ श्री बसन्तराज अधिकारीः**

क) अभियान पत्रिकामा प्रकाशित सुचनामा ५ बरावर ३ शेयर दिने र १०% बोनस शेयर दिने भनी उल्लेख रहेतापनि हालको प्रतिवेदन अनुसार १२.५% बोनस शेयर दिने देखिएको छ । यसरी किन पत्रिकामा प्रकाशित खवर र प्रतिवेदनमा लेखिएको कुरामा फरक परेको हो भन्ने जिज्ञासा व्यक्त ।

ख) कस्मीक एअरलाई गएको कर्जा उठे नउठेको जानकारी गराउन अनुरोध ।

ग) शाखागत बिवरण राख्ने वारेमा गत बर्षको सभामा कुरा उठेकोमा यसबर्ष पनि प्रतिवेदन शाखागत विवरण नराखिएकोले शाखागत जानकारी गराउन अनुरोध ।

घ) बैंकको प्रत्येक खर्च शिर्षकमा खर्च बृद्धि भएको देखिएकोले आगामी दिनमा यस्ता खर्चहरुमा कटौती गर्न सुझाव व्यक्त ।

ङ) बैंकले हिमालयन डिस्टीलरीमा गरेको लगानीबाट हालसम्म कुनै लाभांश प्राप्त हुन नसकेको अवस्थामा उक्त शेयर बिक्री गर्न बैंकले पहल गरोस् भन्ने सुझाव व्यक्त ।

**११.६ श्री कृष्ण रेग्मी:**

क) ढिलो भएपनि पौष महिना मै साधारण सभा राखेको, थोरै भए पनि बोनश शेयर बितरण गर्ने प्रस्ताव ल्याएको र धेरै शाखाहरु संचालनमा ल्याउन सकेकोमा बैंकलाई धन्यवाद व्यक्त ।

ख) बार्षिक प्रतिवेदन समयमा नपुगेको र बैंकमा लिन आउदा समेत प्रतिवेदन सजिलै प्राप्त हुन नसकेकोमा गुनासो व्यक्त ।

ग) बैंकको बार्षिक प्रतिवेदन अनुसार यसवर्ष बैंकको आम्दानीको अनुपातमा खर्च बढि भएको बिचार ब्यक्त ।

घ) नेपाल राष्ट्र बैंकबाट बैंकको वासलात स्वीकृत गर्दा प्राप्त निर्देशनहरु बार्षिक प्रतिवेदनमा प्रकाशित गरिएको देखिन्छ । उक्त निर्देशन बैंकले पालना गर्नु पर्ने हो वा होईन जानकारी गराउन अनुरोध ।

ङ) लगानी तर्फ यस बर्ष बैंकले नेपाल बिद्युत प्राधिकरणमा लगानी गरेको देखिन्छ । यो कस्तो लगानी हो भन्ने जिज्ञासा व्यक्त ।

च) बैंकको संचालक समितिले कुनै नीति नियममा परिवर्तन गर्ने निर्णय गर्दा ग्राहकहरुमा पर्न सक्ने असुबिधालाई समेत ध्यानमा राखेर मात्र निर्णयहरु गर्न राम्रै हुने सुझाव व्यक्त ।

**१२. सभापतिज्यूले दिनु भएको जवाफहरु :**

छलफलको क्रममा सहभागि शेयरधनी महानुभावको मन्तब्य, जिज्ञासा तथा सुझावहरु सम्बन्धमा सभाका सभापतिज्यूले दिनु भएको जवाफ तथा प्रष्टिकरणहरुलाई सारांशमा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

(क) शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भै जिज्ञासा तथा गहकिलो सुझावहरु प्रस्तुत गरिदिनु भएकोमा सभापतिज्यूले धन्यबाद ब्यक्त गर्नु भयो ।

(ख) आगामी बार्षिक प्रतिवेदनमा टिपोटको पाना समेत राख्नु पर्ने सुझावलाई सकारात्मक रुपमा लिई सोहि अनुसार गरिने छ ।

(ग) अन्तरराष्ट्रिय मापदण्ड अनुसार कर्जा तथा निक्षेपको अनुपात करिब ७० प्रतिशत रहेको हुन्छ । यस बैंकको सो अनुपात ८१ प्रतिशत रहेको छ । हाल देशको आर्थिक अवस्था सन्तोषजनक नरहेकोले प्राय सबैजसो बैंकको Liquidity High नै रहेको देखिन्छ । त्यस बाहेक नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरुले आफ्नो निक्षेपको ५.५% रकम Liquid Assets को रुपमा राख्नु पर्ने हुन्छ । बैंकको निक्षेपमा बढोत्तरी हुँदै जाँदा सोहि अनुसार Liquid Assets मा पनि बृद्धि भै रहनु स्वभाविक हुन्छ ।

(घ) बैंकको चुक्ता पूँजी रु. १ अरब ४१ करोड पुगी अरु बैंकहरुको तुलनामा अग्र स्थानमा नै रहेको छ । आर्थिक बर्ष २०६९/७० सम्ममा चुक्ता पूँजी रु. २ अरब पुऱ्याउन बैंकसँग अझ पनि ४ आर्थिक बर्ष बाँकि रहेकोले प्रति बर्ष रु. १३ करोडको दरले समदरमा पूँजी थप गर्दै जानु पर्ने भएकोले बैंक व्यवस्थापन सोही अनुसार पूँजी बृद्धि गर्दै जाने तर्फ बिश्वस्त रहेको छ ।

(ङ) बैंकको प्रति शेयर बजार मुल्य २०६५ आषाढ मसान्तमा रु. १,२८५ कायम रहेको थियो । कुनै पनि कम्पनीको शेयरको बजार मूल्यमा हकप्रद शेयर वा बोनस शेयर निष्काशन पश्चात केहि ह्रास आउनु स्वभाविक नै हुन्छ । साथै हाल शेयर बजारको नेप्से परिसूचकमा पनि अन्तरराष्ट्रिय आर्थिक मन्दी, देशको आर्थिक - राजनैतिक परिस्थिति, लगायत बिभिन्न कारणहरुले गर्दा ह्रास आएको देखिन्छ । २०६५ आषाढ मसान्तमा बैंकिङ्ग परिसुचक ९८८.२१ रहेकोमा हाल ३४.१५% ले कमी आई ६५०.६८ मात्र कायम हुन आएको छ । जबकि यस बैंकको शेयरमा हकप्रद शेयर निष्काशनको मुल्य समायोजन पश्चात कुल ३१% ले मात्र ह्रास आएको देखिन्छ । तसर्थ यस बैंकको शेयरको बजार मूल्यमा अस्वभाबिक रुपले ह्रास आएको नभै शेयर बजारको प्रवृत्ति अनुसार नै घटबढ भएको देखिन्छ ।

(च) स्थिर सम्पत्ति तर्फ भवन तथा जग्गामा गरिएको लगानी One Time Investment हुनु को साथै ह्रास कट्टी दर पनि ५% मात्रै रहने हुन्छ । बैंकको आफ्नै भवन हुँदाको अवस्थामा ग्राहकहरुमाझ बिश्वसनियता बढ्न जानुका साथै भविष्यमा Inflation को हिसावले समेत घरभाडा खर्चमा कटौती भै मुनाफामा अनुकुल असर पर्ने हुन्छ ।

(छ) बैंकको लागि सवैभन्दा बढि भरपर्दो साथै लागत कम पर्ने निक्षेप भनेको बचत निक्षेप भएकोले बैंकले बचत निक्षेप तर्फ बढि ध्यान दिएको हो । तापनि २०६५ आषाढ

मसान्तमा बैंकको कुल निक्षेपको करिव २७% निक्षेप मुद्दतिमा रहेको जानकारी गराउनु भयो ।

(ज) बैंकले कर्जा प्रवाह गर्दा अर्थतन्त्रको बिभिन्न क्षेत्रहरुमा बाँडेर गर्ने गरेको छ । त्यसैगरी उद्योग व्यपार र अन्य क्षेत्रमा समेत बितरण गरेर लगानी गर्ने गरेको छ । बैंकको कुल कर्जा सापटीमा Unproductive Sector जस्तैः घर जग्गा खरिद कर्जा, गाडि खरिद कर्जा, शेयर धितो कर्जा, आदिमा भएको लगानी ५ प्रतिशत भन्दा कम रहेको छ । नेपाल राष्ट्र बैंकको तथ्याङ्क अनुसार समेत समग्र नेपाली बैंकहरुको यस क्षेत्रमा प्रवाह भएको कर्जा करिब १४% रहेको छ । त्यसैले अहिलेको Economic Downturn मा पनि बैंक सुरक्षित रहेको छ ।

(झ) बैंकिङ्ग कारोवारमा जोखिम अभिन्न अङ्गको रुपमा रहेको हुन्छ । तथापि सो जोखिमलाई कम गर्न कुशल व्यवस्थापनको आवश्यकता हुन्छ । हाल बैंकको निष्कृय कर्जा १.०४ प्रतिशत रहेको छ जुन आफैमा उत्साहप्रद रहेको छ । बैंकको निष्कृय कर्जाको मात्रा धेरै नरहेको र भएकोलाई पनि घटाउँदै गईरहेको र भविष्यमा पनि निष्कृय कर्जाको मात्रालाई बढ्न नदिन बैंक सजग रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

(ञ) बैंकको वासलात स्वीकृत हुँदा नेपाल राष्ट्र बैंकले दिईएको निर्देशन बैंकको प्रतिवेदनमा संलग्न गरिएको छ । तथापि यहाँहरुको सुझाव अनुसार आगामी दिनमा नेपाल राष्ट्र बैंकको पत्रलाई स्क्यान गरेर छाप्ने छौं ।

(ट) लेखापरीक्षकको नियुक्ति सम्वन्धमा कम्पनी ऐन २०६३ को दफा १६५ को उपदफा (घ) बमोजिम लेखापरीक्षण समितिमा पेश हुन आएका प्रस्तावहरु मध्येबाट एक जनालाई अनुमोदनको लागि साधारण सभामा ल्याईएको हो । सोहि अनुसार लेखापरीक्षण समितिले एक वा एक भन्दा बढि लेखापरीक्षकहरु प्रस्ताव गर्न सक्ने भएकोमा बैंकलाई प्राप्त प्रस्तावहरु मध्येको अन्तरराष्ट्रिय प्रतिष्ठित लेखापरीक्षक फर्मसंग प्रत्यक्ष सदस्यको रुपमा आबद्ध रहेको तथा अरु सम्पूर्ण नियमहरु अन्तर्गत मिल्ने भएकोले बाँस्कोटा एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री किशोर बाँस्कोटालाई अनुमोदनका लागि प्रस्ताव गरिएको हो ।

(ठ) बैंकले बितरण गर्ने बोनस शेयरमा आउने भिन्न अङ्कलाई पूर्ण अङ्कमा लैजाँदा संस्थापक शेयरधनी र सर्वसाधारण शेयरधनीहरुको शेयर अनुपातलाई फरक नपर्ने गरि मिलान गरी बोनस शेयर बितरण गर्ने जानकारी गराउनु भयो ।

(ड) बैंकको वासलातमा उल्लेखित चुक्ता पूँजी रु. ८२ करोड १६ लाख रहेको र तत्पश्चात चालु आर्थिक बर्षमा बैंकले रु. ४९ करोड २९ लाखको हकप्रद शेयर जारी गरि बैंकको हालको कूल चुक्ता पूँजी रु. १ अरब ३१ करोड रहेको र हालको चुक्ता पूँजीमा १२.५० प्रतिशतले बोनस शेयर जारी गर्दा बैंकको चुक्ता पूँजी रु. १ अरब ४८ करोड हुन आउँछ । त्यसैले बैंकले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पूँजी रकम मिलेको छ ।

(ढ) बैंकको प्रतिवेदनमा संचालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन एकै बनाउने भनी शेयरधनीले दिनु भएको सुझावलाई मनन गरिने छ ।

(ण) प्रतिवेदनमा उल्लेखित सबै कुराहरुले बैंकको समग्र कारेवारलाई असर पार्ने हुन्छ । प्रतिवेदनमा उल्लेखित कारणहरु मध्ये कुनैले अहिले नै असर पारिरहेको छ भने कुनैले भविष्यमा असर गर्न सक्दछ । केन्द्रीय बैंङ्कको गत एक बर्ष भित्र जारी निम्न नीति

निर्देशनहरुले बैंकहरुको कारोबार र कारोबारको दायरालाई समेत प्रत्यक्ष असर पारेको हामी सबैलाई विदितै छ :

१) शेयर धितोमा प्रवाह हुने कर्जा सम्वन्धी नीति ।

२) मुद्दति निक्षेप रसिदको धितोमा कर्जा दिने सम्वन्धी नीति ।

३) उद्योगहरुलाई आयातमा दिने Trust Receipt कर्जा सम्वन्धी नीति ।

४) बैंक जमानत जारी गर्ने सम्बन्धी नीति ।

५) पूँजी तथा पूँजीकोष सम्वन्धी नीति ।

६) CRR, Foreign Exchange आदि सम्वन्धी नीतिहरु ।

(त) बैंकको नाफा नोक्सान हिसाब अनुसार कुल आम्दानीमा अन्य संचालन खर्चको अनुपात १४% मात्र रहेको छ । बैंक संचालन खर्चहरुको Structure लाई हेर्दा यस बैंकको अन्य सम्पूर्ण खर्चहरु अरु बैंकहरु भन्दा कम नै रहेको छ ।

(थ) गत बर्षको संचित मुनाफा समेत प्रयोग गर्दा कुल बितरण योग्य नाफा रु. १९.५५ करोड रहेकोले बिद्यमान शेयरपूँजीमा रु. १६ करोड बोनस शेयर बितरण गर्न बैंकसंग पर्याप्त संचित नाफा रकम रहेको छ ।

द) नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंकले कायम गर्नु पर्ने जगेडा कोषमा प्रत्येक वर्ष रकम छुट्टाएको छ । त्यसैले बैंकको जगेडा कोषमा २०६५ आषाढ मसान्तमा रु २७.२० करोड रहेको छ ।

ध) बैंकले संगठित संस्थामा गरेको लगानी मध्ये हिमालयन डिष्टिलरी लिमिटेडमा भएको लगानीवाट कुनै लाभ प्राप्त नभएकोले उक्त लगानीलाई बिक्री गर्ने सोच रहेको छ । साथै, यस बर्ष नेपाल बिद्युत प्रधिकरणले जारी गरेको ७ बर्षे ऋणपत्रमा बैंकले रु. ५ करोड लगानी गरेको छ ।

न) बैंकको अथक प्रयासको बाबजूद केही शेयरधनीहरु सम्म बार्षिक प्रतिवेदन समयमा नपुगेको कुरा थाहा पाउँदा दु:ख लागेको छ र आगामी बर्ष यसमा अझ ध्यान दिईने छ । साथै, बैंकले आफ्नो बार्षिक प्रतिवेदन लगायतका अन्य उपलब्धि र गतिबिधिहरुको बिबरण बैंकको आधिकारिक वेवसाईट www.machbank.com मा समेत राख्ने गरेकोले शेयरधनी महानुभावहरुले बैंकको वेवसाईटबाट पनि आबश्यक जानकारी प्राप्त गर्न सक्नु हुनेछ ।

प) छलफलको बिषय सूचीमा बिविध शिर्षक शेयरधनीहरुको लागि राखिएको हो । तर बिबिध शिर्षक अन्तर्गत शेयरधनीहरुले राख्ने बिचार तथा बिबरणहरु प्रचलित कम्पनी ऐन तथा नियमानुसार नै सभाको छलफल भै पारित हुने प्रस्तावहरु अन्तर्गत नपर्ने ब्यहोरा जानकारी गराउनु भयो ।

फ) नेपाल राष्ट्र बैंकको निर्देशनमा बैंकको आन्तरिक लेखापरीक्षकले लेखापरीक्षण समितिमा सिधै पहुँच राख्न सक्ने प्रावधान रहेकोले बैंकले आन्तरिक लेखापरीक्षण बिभागलाई लेखापरीक्षण समितिमा अन्तर्गत राखेको र यस ब्यबस्थाले नेपाल राष्ट्र बैंकको उद्देश्य अनुसार प्रभावकारी रुपमा काम गरेको जानकारी ।

ब)   बैंकको कर्मचारी खर्चको रकम बार्षिक प्रतिबेदनमा एकमुष्ठ रुपमा राखेको भन्ने शेयरधनीको जिज्ञासाको सन्दर्भमा बार्षिक प्रतिवेदनको अनुसूची २३ मा कर्मचारी खर्च सम्बन्धी बिस्तृत बिबरण समावेश रहेको जानकारी ।

## १३. सभाका प्रस्ताव एवं निर्णयहरु :

सभापतिज्यूले जवाफ दिने क्रम सकिए पछि छलफलको बिषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय बमोजिम निर्णय भयो ।

### १३.१ सामान्य प्रस्तावहरु

**१३.१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूवाट प्रस्तुत हुने बार्षिक प्रतिवेदन २०६४/६५ पारित गर्ने ।**

सभाको निर्धारित बिषय सूचीको सामान्य प्रस्ताव नं. १ मा रहेको दशौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको बार्षिक प्रतिवेदन २०६४/६५ उपर विस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१३.१.२ लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ मसान्तको वासलात तथा मिति २०६४/४/१ देखि २०६५/३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्ने ।**

सभाको निर्धारित बिषय सूचीको सामान्य प्रस्ताव नं. २ मा रहेको लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषाढ ३१ गतेको बासलात, आ.व. २०६४/६५ को नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह बिवरण र सो को अनुसूचीहरु समेत उपर बिस्तृत छलफल भै सकेकोले पारित गरि दिन सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१३.१.३ बोनस शेयर वितरण गर्दा लाभांश कर भुक्तानी प्रयोजनको लागि संचालक समितिले सिफारिस गरे बमोजिम नगद लाभांश बितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।**

सभाको निर्धारित बिषय सूचीको सामान्य प्रस्ताव नं. ३ मा रहेको बोनस शेयर वितरण गर्दा लाभांश कर भुक्तानी प्रयोजनको लागि संचालक समितिले सिफारिस गरे बमोजिम नगद लाभांश बितरण गर्ने प्रस्ताव स्वीकृत गर्न सभापतिज्यूले प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१३.१.४ कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०६५/६६ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (बैंक तथा बित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक**

**वाक्यांश अनुसार हाल बहालबाला लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ पुनः नियुक्त हुन सक्नु हुन्न ।** )

सभाको निर्धारित बिषय सूचीको सामान्य प्रस्ताब नं. ४ मा रहेको आर्थिक बर्ष २०६५/६६ को लागि लेखापरीक्षकको नियुक्ति अनुमोदन गरिदिन र पारिश्रामिक निर्धारण गरि दिन सभापतिज्यूले सभा समक्ष आग्रह गर्नु भयो । साथै, वहाँले बैंकको वर्तमान लेखापरीक्षक श्री पुष्पलाल श्रेष्ठ, चार्टर्ड एकाउण्टेन्ट, पि.एल. श्रेष्ठ एण्ड कम्पनी कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्त हुन योग्य नरहनु भएको ब्यहोरा पनि सभालाई जानकारी गराउनु भयो ।

आ.व. २०६५/६६ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १६५ को उपदफा १(घ) बमोजिम बैंकको लेखापरीक्षण समितिले लेखापरीक्षकको नाम र पारिश्रमिक निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्नु पर्ने हुनाले आ.व. २०६५/६६ को बैंकको हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरेको लेखापरीक्षकको नाम र पारिश्रमिक सभा समक्ष अनुमोदनको लागि प्रस्तुत गरि दिन हुन लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूलाई सभापतिज्यूले अनुरोध गर्नु भयो र सो प्रस्तावलाई अनुमोदन गरिदिनु हुन समेत सभालाई आग्रह गर्नु भयो ।

बैंकको लेखापरीक्षण समितिका संयोजक तथा बैंकका संचालक श्री प्राणेश्वर पोखरेलज्यूले लेखापरीक्षण समितिको मिति २०६५ मंसिर २४ गते बसेको ४३औं बैठकको निर्णय बमोजिम बैंकको आ.व. २०६५/६६ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्सलाई नियुक्त गर्ने सिफारिस गरिएको कुरा सभालाई जानकारी गराउनु भयो । साथै, लेखापरीक्षण शुल्क वापत रु. १,००,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव गरियो ।

सो प्रस्ताव उपर सभामा छलफल हुँदा बैंकको आ.व. २०६५/६६ को हरहिसाब लेखापरीक्षण गर्न लेखापरीक्षक श्री बाँस्कोटा एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्सलाई नियुक्त गर्ने र निजलाई आर्थिक बर्ष २०६५/६६ मा लेखापरीक्षण शुल्क वापत रु. १,००,०००/- (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव पारित भयो ।

१३.२ **बिशेष प्रस्तावहरु ।**

१३.२.१ **संचालक समितिले सिफारिस गरे बमोजिम २०६५ आषाढ मसान्तमा समाप्त बर्षको मुनाफा तथा गत आर्थिक बर्ष सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी रु. १६,४३,३०,२६०/- बराबरको बोनस शेयर जारी गरी सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने । उक्त अनुपातमा बोनस शेयर जारी गर्दा कुनै भिन्न अङ्क (Fraction) आएमा शेयरधनी समूहको**

**बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अङ्कको बोनस शेयरलाई पूर्ण (Whole) अङ्कमा परिणत गरी तदनुकुल जारी तथा चुक्ता पूँजीमा समायोजन गर्न सक्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।**

सभाको निर्धारित बिषय सूचीको बिशेष प्रस्तावहरु अन्तर्गत नं. १ मा संचालक समितिले सिफारिस गरे बमोजिम २०६५ आषाढ मसान्तमा समाप्त बर्षको मुनाफा तथा आर्थिक बर्ष २०६३/६४ सम्मको संचित मुनाफा रकम समेत प्रयोग गरी हाल कायम शेयरधनी महानुभावहरुलाई १२.५० प्रतिशतको दरले हुन आउने रु. १६,४३,३०,२६०/- बराबरको बोनस शेयर जारी गर्ने, र सोहि हद सम्मको बैंकको जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने प्रस्ताव स्वीकृतिको लागि सभापतीज्यूले सभा समक्ष प्रस्तुत गर्नु भयो । साथै, बोनस शेयर जारी गर्दा भिन्न अङ्क (Fraction) आएमा शेयरधनी समूहको बर्तमान शेयर ग्रहण अनुपात कायमै रहने गरी भिन्न (Fraction) अङ्कको बोनस शेयरलाई पूर्ण (Whole) अङ्कमा पुऱ्याउन आवश्यक पर्ने रकम शेयरधनीवाट बोनस शेयर वितरण गर्दाको समयमा नै लिई तदनुकुल जारी तथा चुक्ता पूँजीमा समायोजन गर्न सक्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्नको लागि समेत सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१३.२.२ समूह “क” का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको शेयर स्वामित्व ७० प्रतिशत मध्ये १९ प्रतिशत शेयर समूह “ख” का शेयरधनीहरुको समुहमा रहने गरी साधारण शेयरतर्फ परिणत गर्ने ।**

सभाको लागि निर्धारित बिशेष प्रस्ताव नं. २ मा रहेको बैंकका संस्थापक शेयरधनीहरु (समूह “क”) ले हाल धारण गरेको शेयर स्वामित्व ७० प्रतिशत मध्ये १९ प्रतिशत शेयर सर्वसाधारण शेयरधनीहरु (समूह “ख”) को समुहमा रहने गरी साधारण शेयरतर्फ परिणत गर्न सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सो प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**१३.२.३ बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्टारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सभाको निर्धारित बिशेष प्रस्ताव नं. ३ मा रहेको बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्ताब सभा समक्ष प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले यस सभाबाट वोनस शेयर जारी गरि बैंकको पूँजी बृद्धि गर्ने प्रस्ताव र संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व अनुपात परिवर्तन सम्बन्धी प्रस्ताव पारित भएको कारणले बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न आबश्यक हुन आएको जानकारी गराउँदै संशोधन प्रस्ताव “बैंकको

प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्ताव पारित गर्ने तथा पारित प्रस्ताव नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्विकृति लिने क्रममा आवश्यक थपघट संशेधन वा परिमार्जन गर्नु परेमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने" पढेर सुनाउँनु भयो र सो प्रस्तावहरु पारित गर्नको लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्ताब सभाले सर्वसम्मतिले पारित गरेकोले सभाका सभापतिज्यूले बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधन सम्वन्धी प्रस्ताब सभामा सर्वसम्मतिले पारित भएको र बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनमा नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयबाट आवश्यक स्विकृति लिने क्रममा आवश्यक थपघट, संशोधन वा परिमार्जन गर्नु परेमा सो गर्न सक्ने अख्तियारी सभाले संचालक समितिलाई प्रदान गर्ने समेत निर्णय गरेको घोषणा गर्नु भयो ।

**१३.३ बिविध ।**

यस दशौं बार्षिक साधारण सभाको निर्धारित बिषय सूचीमा समावेश बिबिध शीर्षक अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव प्राप्त नभएको ब्यहोरा सभापतिज्यूले सभालाई जानकारी गराउनु भयो ।

**१४. धन्यबाद ज्ञापन :**

यस दशौं बार्षिक साधारण सभामा छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिए पछि सभापतिज्यूले दशौं बार्षिक साधारण सभामा प्रस्तुत भएका मन्तब्य, जिज्ञासा, बिचार र सुझाबहरु निकै महत्वपूर्ण रहेको र शेयरधनी महानुभावहरुले दिनु भएको रचनात्मक सल्लाह एवं सुझावहरुलाई ब्यवहारमा उतार्न प्रयत्नशील रहने प्रतिबद्धता ब्यक्त गर्नु भयो र सभा सफलतापूर्वक संचालन गर्न सहभागिता र सहयोगका साथै बैंकको काम कारवाहीमा अभिरुची राखि बैंक संचालक समिति तथा ब्यवस्थापनलाई मार्गदर्शन एवं प्रेरणा प्रदान गरेकोमा शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नुभयो ।

**१५. सभा बिसर्जन :**

सभाका सभापति श्री सूर्य बहादुर के.सी.ज्यूले अपरान्ह २:३० बजे दशौं बार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

| | |
|---|---|
| ............................. | ............................. |
| गोबिन्द प्रसाद शर्मा | सूर्य बहादुर के.सी. |
| कम्पनी सचिव | अध्यक्ष, संचालक समिति |
| | तथा दशौं साधारण सभाका सभापति । |